

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २०६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ साउन २५ गते बुधबार ❑ 10 Aug 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## 'आयोगको प्रतिवेदनप्रति बेवास्ता गरियो'

पोखरापत्र संवाददाता
पोखरा, २४ साउन

गण्डकी प्रदेशमा करको दर वृद्धिको विषयले यतिखेर सरकारको आलोचना भएको छ । करको दर वृद्धिले जनतालाई मारमा पारेको भन्दै यसलाई तत्काल सच्याउने माग भइरहेका अवस्थामा यस्तो अवस्था किन आयो चासो र चर्चाको विषय बनेको छ ।

प्रदेश नीति तथा योजना आयोगको संलग्नतामा अर्थ मन्त्रालयले बजेट बनाउने व्यवस्था रहे पनि बजेट निर्माणमा प्रदेश नीति तथा योजना आयोगकै प्रतिवेदनलाई बेवास्ता गर्रिंदा समस्या बढाएको आयोगका उपाध्यक्ष डा रघुराज काफ्लेले राससलाई बताउनुभयो । बजेट निर्माणमा करका दरका अतिरिक्त कार्यक्रमबारे समेत मुख्यमन्त्रीको सल्लाह अर्थ मन्त्रालयले लिनुपर्ने भए पनि त्यस सम्बन्धमा अर्थ उदार बन्न नसक्दा एकपछि अर्को रुपमा आलोचनाको सिकार बन्नुपरेको उपाध्यक्ष काफ्लेको भनाइ छ । आफूले विभिन्न सार्वजनिक कार्यक्रममा समेत विद्यमान कठिन अवस्थामा करको दर बढाउन नहुने र दायरा बढाउनुपर्ने भन्दै आएको उल्लेख गर्दै उपाध्यक्ष काफ्लेले भन्नुभयो, "नीति तथा योजना आयोगले अर्थलाई दिएको सुझावमा स्पष्टरूपमा करको दायरा वृद्धि गर्ने, कर प्रशासनमा सुधार गर्ने, आर्थिक गतिविधि गरेर आन्तरिक स्रोत परिचालन परिचालन गर्नुपर्ने उल्लेख थियो तर अर्थले त्यसको बेवास्ता गरी करको दर बढाउँदा सरकार आलोचित बन्ने अवस्था आएको हो ।"

करका दरमा भएको वृद्धिप्रति जनगुनासो बढेपछि मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले सम्बन्धित मन्त्रालयका सचिवहरू रहने गरी अध्ययन समिति गठन गर्नुभएको छ । समितिले विगत र अहिलेको कर दरका अतिरिक्त अन्य प्रदेशको दरबारे समेत अध्ययन गरेर प्रतिवेदन बुझाउनेछ । सवारी यातायात नवीकरणको जरिवानामा देखिएको अस्पष्टताका बारेमा पनि मुख्यमन्त्री आफैंले चासो दिएपछि सम्बन्धित मन्त्रालयबाट प्रस्ताव मागेर मन्त्रिपरिषद्ले परिमार्जन गरेको थियो ।

अर्थ मन्त्रालय भने आर्थिक ऐन २०७९ तर्जुमा गर्दा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशमा ४० प्रतिशत र स्थानीय तहमा ६० प्रतिशत हिस्सा बाँडफाँट हुने घरजग्गा रजिष्ट्रेसन शुल्कको दर र दायरा निर्धारणको लागि कानुनबमोजिम निजी क्षेत्रसमेतको प्रतिनिधित्व हुने गरी गठित प्रदेशस्तरीय राजस्व परामर्श समितिको सिफारिस समेतका आधारमा करका दर र दायरा निर्धारण गरेको जनाएको छ ।

आर्थिक ऐन, २०७९ मा तीन पुस्ताभित्रको हकवालाबाहेक अन्यत्र हक हस्तान्तरण भई अप्रत्याशित रुपमा प्राप्त हुने यस्तो सम्पत्तिमा तीन पुस्ताभित्रको हकवालामा हुने हक हस्तान्तरणको सरह नै शुल्क राख्दा न्यायोचित नहुने हुँदा सोभन्दा केही बढी मात्रै शुल्क कायम गरिएको अर्थ मन्त्रालयको विज्ञप्तिमा जनाइएको छ । तीन पुस्ताभन्दा बाहिरबाट सम्पत्ति हक हस्तान्तरण विरलै हुने गरेको हुँदा उक्त व्यवस्थाले तात्विक असर नपर्ने विज्ञप्तिमा उल्लेख छ ।

गण्डकी प्रदेशमा आयात प्रतिस्थापन गर्नको लागि कृषि उत्पादन तथा उत्पादकत्व बढाउने कृषिजन्य उद्योग र रोजगारी सिर्जन गर्ने उत्पादनमूलक उद्योगलाई प्रवर्द्धन गर्न रजिष्ट्रेसन शुल्कमा छुट प्रदान गरिएको मन्त्रालयले जनाएको छ । उद्देश्यविपरीत जग्गा प्रयोग भएको पाइएमा जरिवानाको समेत व्यवस्था गरिएको र यस व्यवस्थाबाट नागरिकलाई वर्गीकरण नगरी प्रदेशमा उत्पादनमूलक क्षेत्रमा लगानी अभिवृद्धि हुने अपेक्षा गरिएको छ ।

## सबै मिलेर नवौं राष्ट्रिय खेलकुद सफल पारौं : राजीव गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, २४ साउन



गण्डकी प्रदेशका युवा तथा खेलकुद मन्त्री राजीव गुरुङले आगामी असोज २८ गतेदेखि कार्तिक ३ गतेसम्म आयोजना हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता २०७९ लाई सबै मिलेर सफल पार्नुपर्ने बताएका छन् ।

प्रदेश खेलकुद परिषद गण्डकीले पोखरामा मंगलबार आयोजना गरेको अभिमुखिकरण तालिम कार्यक्रमको समापन कार्यक्रममा बोल्दै मन्त्री गुरुङले प्रदेशले बजेटको सुनिश्चितता नगरेकोमा चिन्ता व्यक्त गरे । 'सबैजना मिलेर नवौं राष्ट्रिय खेलकुद प्रतियोगीता सफल पारौं, गण्डकी प्रदेशले बजेटको सुनिश्चितता गरिसकेको छैन यसको लागि भोली नै अर्थमन्त्रीलाई भेट्छु' मन्त्री गुरुङले भने । एक दुई दिनमा बजेटको सुनिश्चितता हुने उनको विश्वास थियो ।

नवौं राष्ट्रि खेलकुद प्रतियोगितालाई लक्षित गर्दै प्रदेश खेलकुद परिषद गण्डकीले आयोजना गरेको एकदिने अभिमुखिकरण तालिममा गण्डकी प्रदेशका जिल्ला तथा प्रदेश स्तरिय खेल संघ तथा क्रियाशिल क्लबका पदाधिकारी गरेर झण्डै १ सय जनाको सहभागीता रहेको प्रदेश खेलकुद परिषद गण्डकीका सदस्यसचिव तेजबहादुर गुरुङले बताए । खेलसंघ तथा क्लबलाई संस्थागत रुपमा अगाडि बढाउन सहजता प्रदान गर्ने हेतुले कार्यक्रम गरिएको उनले खुलाए । 'नवौं राष्ट्रिय खेलकुद प्रतियोगीतालाई लक्षित गरेरै कार्यक्रम गरेका हौं, अभिमुखिकरण तालिम पश्चात खेल संघ तथा क्लबहरुलाई संस्थागत रुपमा कार्यसम्पादनलाई प्रभावकारी बनाउन सघाउनेछ' सदस्यसचिव गुरुङले भने । तालिममा सहभागीलाई सहजिकरण गर्दे उनले प्रदेश

बाँकी अन्तिम पृष्ठमा ▶▶

## संक्रमणबाट मृत्यु हुनेमध्ये ७५ प्रतिशत खोप नलगाएका

रासस
काठमाडौं, २४ साउन

कोरोना भाइरसको सङ्क्रमणबाट मृत्यु हुने अधिकांश खोप नलगाएका रहेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीका अनुसार हालसम्म मृत्यु भएकामध्ये ७५ प्रतिशतले कोरोना भाइरसविरुद्धको खोप लगाएका छैनन् ।

उहाँले कोरोना भाइरसविरुद्धको खोप नलगाएका उच्च जोखिममा भएकाले खोप लगाउन आग्रह गर्नुभयो । "खोप नलगाएका उच्च जोखिममा रहेकाले खोप नलगाउनुभएका सबैले आफ्नो नजिकको स्वास्थ्य संस्थामा गई आवश्यकताअनुसार पहिलो, दोस्रो र बुष्टर मात्रा खोप लगाउन आग्रह गर्दछौं", उहाँले भन्नुभएको छ । मंगलबार मात्र कोरोना भाइरसको सङ्क्रमणबाट दुई जनाको निधन भएको छ । अहिलेसम्म ११ हजार नौ सय ७४ सङ्क्रमणको कारणले मृत्यु भएको छ । नेपालमा सङ्क्रमणको कारणले प्रति दशलाखमा ४१० दशमलव २ जनाको निधन

बाँकी अन्तिम पृष्ठमा ▶▶

## आमनिर्वाचनलाई निष्पक्ष, भयरहित, विश्वसनीय र मितव्ययी बनाइनेछ– प्रमुख निर्वाचन आयुक्त

रासस
काठमाडौं, २४ साउन

निर्वाचन आयोगले यसअघि अपनाइएका असल अभ्यासलाई आत्मसाथ गरी बढीभन्दा बढी जनताको सहभागितामा निष्पक्ष, विश्वसनीय, मितव्ययी र भयरहित ढङ्गबाट आमनिर्वाचन सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

आयोगद्वारा मंगलबार यहाँ आयोजित स्थानीय तह निर्वाचन, २०७९ निर्वाचन प्रचारप्रसार तथा मतदाता शिक्षा कार्यक्रमको प्रगति समीक्षा गर्नेक्रममा आयोगले निर्वाचनका क्रममा यसअघि प्राप्त रायसुझाव, प्रतिक्रिया र असल अभ्यासलाई समेटेर ऐतिहासिकरूपमा निर्वाचन सफल बनाउने दृढता व्यक्त गरेको हो । आयोगले गत स्थानीय तहको निर्वाचनमा दुर्गम गाउँबस्तीका अशिक्षित जनताको तुलनामा सहरी क्षेत्रका शिक्षित जनताबाट मतदान कम भएकामा चिन्ता व्यक्त गर्दै त्यसतर्फ जिम्मेवार आमसञ्चार माध्यमको ध्यान जानुपर्नेमा जोड दिएको छ । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले समयावधि कम भएकाले गत स्थानीय तहको निर्वाचनमा सोचेजति काम गर्न नसकिएको स्पष्ट गर्दै यसअघिका राम्रा पक्षलाई समेत समेटेर आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सरल, सहज र मितव्ययी ढङ्गबाट सम्पन्न गर्ने दृढता व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "निर्वाचनको सर्वमान्य सिद्धान्त अवलम्बन गरी सबैलाई समान व्यवहार गर्ने गरी कामकारवाही हुनेछ, बढीभन्दा बढी जनताको सहभागितमा स्वातन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचन सम्पन्न गर्न प्रतिबद्ध आयोगले सम्बद्ध सबै पक्षबाट सहयोगको अपेक्षा गरेको छ ।" प्रमुख निर्वाचन आयुक्त थपलियाले आमसञ्चार माध्यमसहित राज्यका जिम्मेवार सबै निकायसँग साझेदारी र सहकार्य गरी आसन्न आमनिर्वाचन सम्पन्न गर्ने पक्षमा आयोग रहेको स्पष्ट गर्नुभयो । निर्वाचन प्रचारप्रसारका क्रममा राज्यद्वारा सञ्चालित आमसञ्चार माध्यमको महत्वपूर्ण भूमिका रहने उल्लेख गर्दै उहाँले आफ्नो स्रोतसाधनको अधिकतम सदुपयोग गरी निर्वाचन प्रक्रियामा सरिक हुन सम्बद्ध सबैसँग अनुरोध गर्नुभयो । प्रमुख निर्वाचन आयुक्त थपलियाले राष्ट्रिय समाचार समिति (रासस), गोरखापत्र संस्थान, रेडियो नेपालजस्ता सार्वजनिक सञ्चार माध्यम नेपालको लोकतान्त्रिक इतिहासको जिउँदो साक्षी रहेको चर्चा गर्दै आसन्न निर्वाचनमा पनि मुलुकका जिम्मेवार आमसञ्चार माध्यमबाट स्वस्फूर्त रूपमा साथ, सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो । निर्वाचन आयुक्त डा जानकी तुलाधरले निर्वाचन कार्यतालिकाअनुसार अब द्रुतगतिमा निर्वाचन कार्यक्रमअघि बढ्ने बताउँदै आसन्न आमनिर्वाचनलाई ऐतिहासिकरूपमा सम्पन्न गर्ने काममा मुलुकका जिम्मेवार सार्वजनिक सञ्चार माध्यमबाट यसअघि जस्तै सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो ।

निर्वाचन आयुक्त सगुन शम्सेर राणाले निर्वाचन आयोगसँग सम्बन्धित संवेदनशील विषयमा समाचार सम्प्रेषण गर्नुअघि पुष्टि गरेर मात्र समाचार सम्प्रेषण गर्न सम्बद्ध पक्षको ध्यानाकर्षण गर्नुभयो । राससका महाप्रबन्धक सिद्धराज राईले गत स्थानीय तहको निर्वाचनलाई प्राथमिकता दिई समाचार सामग्री प्रयोग गरेको जानकारी दिँदै आसन्न आमनिर्वाचनसम्बन्धी समाचार सम्प्रेषण प्रक्रियालाई प्रभावकारी बनाउन छिट्टै अभिमुखीकरण तालिम आयोजना गर्न लागेको बताउनुभयो । नेपाल टेलिभिजनका कार्यकारी अध्यक्ष समीरजङ्ग शाहले आमनिर्वाचन सम्पन्न गर्ने अभिभार पूरा गर्न आफ्नो तर्फबाट कुनै पनि कसर बाँकी नराख्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । रेडियो नेपालका कार्यकारी निर्देशक बुद्धिबहादुर केसीले राष्ट्रव्यापी रूपमा पहुँच भएको रेडियो नेपाल समाचार सामग्रीसहित सन्देशमूलक कार्यक्रम प्रसारण गरी प्रचारप्रसारमा सक्दो भूमिका निर्वाह गर्न तयारी अवस्थामा रहेको जानकारी दिनुभयो । विज्ञापन बोर्डका प्रमुख लक्ष्मण हुमागाईंले गत स्थानीय तहको निर्वाचनका क्रममा आचारसंहिता विपरीत भएका गतिविधिबारे जानकारी दिँदै पर्चा, पम्पप्लेट, ब्यानरको तुलनामा केही राजनीतिक दलले सामाजिक सञ्जालको दुरुपयोग गरेको बताउनुभयो ।

गोरखापत्र दैनिकका प्रमुख समाचारदाता केदार भट्टराईले निर्वाचनसम्बन्धी सामग्रीलाई गोराखापत्र र दि राइजिङ नेपाल दैनिकसहित अनलाइन पोर्टलबाट समेत व्यापकरूपमा प्रचारप्रसार गरेको जानकारी दिँदै आगामी आमनिर्वाचनसम्बन्धी समाचारलाई पनि प्राथमिकता दिई सम्प्रेषण गर्ने बताउनुभयो ।

## आदिवासी जनजातिको हक संरक्षण र सांस्कृतिक पहिचानमा प्रतिबद्ध छु : प्रधानमन्त्री देउवा

रासस
काठमाडौं, २४ साउन

प्रधानमन्त्री शेरबहादुर देउवाले नेपालका आदिवासी जनजातिको हक हितको संरक्षण र सम्वर्द्धन तथा सांस्कृतिक पहिचानको सवालमा आफू सदैव प्रतिबद्ध रहेको बताउनुभएको छ । २८औँ विश्व आदिवासी दिवसको अवसरमा मंगलबार यहाँ आयोजित कार्यक्रममा प्रधानमन्त्री देउवाले आदिवासी जनजातिको पहिचानलाई संरक्षण गर्दै उनीहरूलाई राज्यको मूलधारमा ल्याई कुनै पनि किसिमको अवसरबाट वञ्चित हुन नदिन सबैले मिलेर कार्य गर्न आवश्यक रहेकोमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "राज्यका हरेक तह र तप्कामा समावेशीकरणको नीतिलाई प्रभावकारी तबरले आत्मसात् गर्दै राष्ट्रको विकास र समृद्धिका लागि उनीहरूको योगदानलाई अझ उच्च बनाउन हामी सबै प्रतिबद्ध हुन आवश्यक छ ।"

नेपाललगायत विश्वका विभिन्न देशमा विभिन्न कार्यक्रमसहित २८औं विश्व आदिवासी दिवस मनाइएको छ । प्रधानमन्त्री देउवाले दिवसले आदिवासी समुदायले मुलुकको विकास र प्रगतिका लागि गरेको योगदानलाई सबै समक्ष उजागर गर्दै आदिवासी

बाँकी अन्तिम पृष्ठमा ▶▶




# पोखरा बाहेक अनेत्र प्याराग्लाईडिङ प्रतियोगिता संचालन नगर्न खेलाडीको चेतावनी

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ साउन**

पोखरा बाहेक अनेत्र कुनै पनि ठाँउमा नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता अर्न्तगत प्याराग्लाईडिङ खेल संचालन नगर्न खेलाडीहरुले चेतावनी दिएका छन् ।

मंगलबार पोखरा रंगशालामा आयोजित छलफल कार्यक्रममा प्याराग्लाईडिङका राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडीहरुले सुरक्षा सहित अन्य कारणले गर्दा पोखरा भन्दा अनेत्र उक्त प्रतियोगिता संचालन गरे बहिष्कार समेत गर्ने चेतावनी दिएका हुन्।



पोखरामा साहासिक खेल प्याराग्लाईडिङको लागि विश्वकै उत्कृष्ट ५ मध्यको एक मा पर्ने चर्चा चलेका बेला उक्त प्रतियोगिता अनेत्र लैजान नहुने पदकधारी खेलाडी विजय गौतमले बताए। उनले भने "केही व्यक्तिहरुले स्याङजाको स्वरेकमा हुनुपर्छ भन्ने कुरा पनि आएको छ तर यस खेल संचालन गर्दा जति सक्दो सुरक्षित र प्राबिधिक हिसावले पनि नेटवर्क भएको स्थानमा गर्नु पर्छ भन्ने हाम्रो मान्यता हो ।" कुनै कारणवश दुर्घटना भएमा पोखरा बाहेक अनेत्र उक्त प्रतियोगिता हुदा समयमै खेलाडीहरुको उद्धारमा प्रमुख समस्या हुने, खानापान र होटल आवासमा समेत अर्को समस्या हुने भएको अर्को प्याराग्लाईडिङ खेलाडी रविराज दर्लामी मगरले बताए । पोखरामा ताल माथि, पोखरामा केही धानखेतका फाँटहरु समेत भएकोले गर्दा आपतकालीन अबस्थामा प्याराग्लाईडिङ अवतरण गर्न सहज हुने उनले जनाए ।

प्याराग्लाईडिङ पाइलट क्लबका अध्यक्ष विमल पहारीले स्वरेकमा ठुला ठुला पहाड र हावाको चाब बढी हुदा नेटवर्कमा समेत समस्या हुने उद्धारमा ७,८ घण्टा भन्दा बढी समय लाग्ने हुदा पोखराको बिकल्पनमा अनेत्र प्याराग्लाईडिङ प्रतियोगिता हुन कठिन हुने बताए । प्रशिक्षक एवं हवाई खेलकुद संस्था नाका पूर्व अध्यक्ष समेत रहेका योगेश भट्टराईले पोखरा भन्दा बाहिर जुन सुकै ठाँउमा लगे पनि अहिलेको अबस्थामा अन्य ठाँउ प्याराग्लाईडिङको उपयुक्त स्थान नहुने दाबी गरे । यदि कसैले पोखरा बाहिर उक्त प्रतियोगिता हुने कुरा गरेमा आफुहरुसंग तथ्यका आधारमा बहस गर्न उनले चुनौती दिए । नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता अर्न्तगत खेल मैदान व्यबस्थापन उपसमिति संयोजक एवं राखेपका सदस्य राजेश कुमार गुरुङले कुनै पनि प्रतियोगिता संचालनको लागि सुरक्षा पहिलो प्रथामिकतामा रहने त्यसमा खेलाडीहरुले बिरोध गरेका स्थानमा खेल संचालन गर्न आफुले सिफारिस नगर्ने बताए । अबको केही समयमा ३६ खेलहरु कहाँ कहाँ हुने त्यसको टुंगो लगाउने अन्तिम तयारी भएको उनले जनाए ।

# बिमा रत्नबाट विक्रम उदास सम्मानित

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ साउन**

बिमा रत्नबाट पोखराका विक्रम उदास सम्मानित भएका छन् ।

उत्कृष्ट कार्य गरेको भन्दै इन्स्योरेन्सका सिनियर एजेन्सी म्यानेजर उदासलाई युनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले एक कार्यक्रमकाबिच बिमा रत्नबाट सम्मान गरेको हो । उदासले करिब १ सय जनाको बिमा गराउँदा आर्थिक बर्ष २०७९/८० मा करिब ३ करोड प्रिमियम संकलन गरी नेपाल टप बन्न सफल भएका हुन् ।

पुरस्कार स्वरुप उनले टिभिएस ब्राण्डको मोटरसाइकल र डेल कम्पनीको ल्यापटप



प्राप्त गरे । उनलाई कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सिइओ) मनोजकुमार लाल कर्ण र अप्लाइनर रेशम गौतमले पुरस्कारसहित सम्मान गरे । कार्यक्रममा बोल्दै सिइओ कर्णले बिमाको महत्वको बारेमा स्पष्ट पारेका थिए । कम्पनीका गण्डकी प्रदेश प्रमुख टिएन आचार्य, उपप्रमुख गणेश धमला, युनाइटेड गोल्डमार्टका सञ्चालक महेन्द्र गुभाजु, लगायतले बोलेको कम्पनीका लामाचौर शाखा प्रमुख सुर्य राज चपाइले जानकारी दिए ।

## संक्रमणबाट...

भइसकेको छ ।

मन्त्रालयका अनुसार खोप नलगाएको मानिसलाई कोभिड-१९ सङ्क्रमण भयो भने त्यस्ता मानिस गम्भीररूपमा बिरामी पर्ने र मृत्यु हुने सम्भावना खोप लगाएको मानिसको तुलनामा १० गुणा बढी हुने गर्दछ ।

यस्तै पहिलो र दोस्रो खोप लगाएकाहरूलाई बुष्टर मात्रा लगाउन आग्रह गरिएको छ । बुष्टर मात्रा खोपले गम्भीर बिरामी पर्ने वा मृत्यु हुनबाट लगभग ८५ प्रतिशत सुरक्षा प्रदान गर्छ । सरकारले लक्षित जनसङ्ख्याको ९३ दशमलव ३ प्रतिशत पहिलो मात्रा र ८८ दशमलव ५ प्रतिशत दोस्रो मात्राको खोप लगाइसकेका छन् ।

मन्त्रालयले कोभिड-१९ बाट सङ्क्रमित ५० प्रतिशत मानिसमा कुनै पनि लक्षण नदेखिएकाले सङ्क्रमणबाट बच्नका लागि खोप लगाउन आग्रह गरिएको छ। सङ्क्रमणबाट बच्नका लागि नाक, मुख छोपिने गरी सही तरिकाले मास्क लगाउन, भौतिक दूरी कायम गर्न, खोक्दा वा हाच्छ्युँ गर्दा पाखुरादेखि नाडीसम्मको भागले छोप्न, झ्याल सधैँ खुला राख्न र बेलाबेलामा सावुन पानीले मिचीमिची हात धुन आग्रह गरेको छ। अहिले दैनिक एक हजारभन्दा बढी सङ्क्रमण देखिने गरेको छ।

## सबै मिलेर...

खेलकुद परिषदको योजनाको बारेमा प्रष्ट पारेका थिए । खेलकुदको विकास सम्बन्धमा गण्डकी प्रदेश सरकारको नीतिगत व्यवस्था, तयारी अवधारणाको बारेमा नीति तथा योजना आयोगका सदस्य डा. सुवास अधिकारीले सबैलाई जानकारी गराए । उनले अभिमुखिकरण कार्यक्रमको उद्घाटन समेत गरेका थिए।

नेतृत्व अभिमुखीकरण सम्बन्धमा नेपाल ओलम्पिक कमिटिको साइकोलोजी विभाग प्रमुख इन्द्रबहादुर गुरुङ र ओलम्पिक मुभमेन्टको बारेमा नेपाल ओलम्पिक एकेडेमीका निर्देशक रविराज कर्निकारले प्रकाश पारे ।

यसैगरी खेल संघ तथा क्लबले राख्ने लेखा प्रणाली र लेखा व्यवस्थापनको बारेमा प्रदेश खेलकुद परिषदका लेखापाल निलकण्ठ ढकालले जानकारी गराएका थिए । नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा ११ टिमले ३६ खेलका ४०७ इभेन्टमा पदकको लागि प्रतिष्पर्धा गर्नेछन् । दोस्रो खेलकुद भएको ३९ वर्षपछि पोखरामा नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता हुन लागेकोले यसलाई गण्डकी प्रदेशका खेलसंघ तथा क्लबले चासोको रुपमा हेरेका छन् ।

## आदिवासी...

जनजाति समुदायको हक हितलाई थप संस्थागत गर्न सहयोग पुग्ने उल्लेख गर्दै आदिवासी समुदायका दाजुभाइ तथा दिदीबहिनीबीच पारस्परिक सद्भाव, सहयोग र एकता प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो ।

नेपालको कूल जनसङ्ख्याको एक तिहाइभन्दा बढी जनसङ्ख्या आदिवासी जनजातिको रहेको छ। यसअन्तर्गत विभिन्न सूचीकृत आदिवासी जनजाति र जीवित मातृभाषा छन् । प्रधानमन्त्री देउवाले यी सबै समुदाय तथा तिनको अमूल्य भाषा, संस्कृति र लिपिको संरक्षण गर्नु राज्यको दायित्व भएको उल्लेख गर्दै यसतर्फ सरकार गम्भीर छ भन्नुभयो ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक मुलुक हो । विविधता भित्रको एकता नै हाम्रो मूल मन्त्र रहेको छ । यहाँ विभिन्न जात, जाति, भाषा, सम्प्रदाय र धर्म मान्ने नागरिक भएपनि एक अर्काप्रति सामाजिक सद्भाव र सहिष्णुता अत्यन्त राम्रो रहेको उल्लेख गर्दै उहाँले यो नेपालको विशिष्ट पहिचान भएको र यसलाई दीर्घकालसम्म अक्षुण राख्नुपर्ने बताउनुभयो। प्रधानमन्त्री देउवाले भन्नुभयो, "आफ्नो भाषा, संस्कार, संस्कृतिसहित विशिष्ट पहिचान भएका आदिवासी जनजातिले २८औं विश्व आदिवासी दिवस मनाइ रहँदा मलाई त्यो सुखद क्षणको स्मरण भइरहेको छ, म स्वयं प्रधानमन्त्री भएको बेला नेपालका आदिवासी जनजातिको उत्थान र संरक्षण गर्ने उद्देश्यले नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान गठन भएको थियो । नेपालका आदिवासीले मनाउँदै आएका चाडपर्वमा बिदा कटौती भएको अवस्थामा मेरै प्रयत्नमा आदिवासीका चाडपर्वमा सार्वजनिक बिदा दिन पुनःआरम्भ गरेको थिए ।" नेपाली कांग्रेसका सभापतिसमेत रहनुभएका प्रधानमन्त्री देउवाले नेपालको संविधानले व्यवस्था गरेको समानुपातिक समावेशी प्रतिनिधित्वलाई व्यवहारमा कार्यान्वयन गर्ने सन्दर्भमा कांग्रेसको महाधिवेशनमा आदिवासी जनजातिको सम्मानजनक प्रतिनिधित्व सुनिश्चित गर्न पार्टीको स्थानीय तहदेखि केन्द्रीय स्तरसम्म नै समावेशितालाई लागू गर्ने निर्णय गरेको अवगत गराउनुभयो ।

नेपालको एकीकरणदेखि आजको अवस्थासम्म आइपुग्दा राष्ट्र निर्माणका विभिन्न चरणमा नेपालका आदिवासी जनजातिले महत्वपूर्ण योगदान पुऱ्याएको उल्लेख गर्दै उहाँले नेपालको प्रजातान्त्रिक आन्दोलनमा आदिवासी जनजाति समुदायको योगदानलाई आजको विशेष अवसरमा सम्मान व्यक्त गर्न चाहन्छु भन्नुभयो। आदिवासी जनजातिका भाषा, संस्कार, संस्कृति अनि ज्ञान सीप संरक्षित हुनुपर्छ भन्ने कुरामा आफू दृढ रहेको उल्लेख गर्दै प्रधानमन्त्री देउवाले उनीहरूसँग रहेको परम्परागत सीप र कौशल नयाँ पुस्तामा हस्तान्तरण हुनु जरुरी रहेकामा जोड दिनुभयो ।

यसका लागि आवश्यक सहयोग गर्न सरकार सधैँ सकारात्मक रहेको प्रतिबद्धता व्यक्त गर्दै प्रधानमन्त्री देउवाले आदिवासी जनजाति आयोगले पनि निश्चित कार्ययोजना बनाई कार्यक्रम सञ्चालन गर्नुपर्ने सुझाउनुभयो । उहाँले प्रदेश सरकार तथा स्थानीय तहले पनि आ-आफ्नो क्षेत्रमा आदिवासी जनजाति समुदायको क्षमता विकास र सीप हस्तान्तरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्नुपर्ने खाँचो औँल्याउनुभयो । प्रधानमन्त्री देउवाले आदिवासी समुदायमा रहेका महत्वपूर्ण ज्ञान, सीप र परम्परागत अभ्यास सङ्कटोन्मुख अवस्थामा रहेको उल्लेख गर्दै त्यसलाई जोगाउन सबै गम्भीर हुनुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "खासगरी आदिवासी जनजाति समुदायलाई प्रतिनिधित्व गर्ने संघ, संस्था र स्वयं आदिवासी जनजाति नै यस विषयमा प्रतिबद्ध भई लाग्नुपर्ने स्थिति छ । यसका लागि आदिवासी महिलाको भूमिका पनि महत्वपूर्ण हुन्छ । समुदायका आमा, दिदी बहिनीबाट नै आदिवासी संस्कार, संस्कृति, भाषा, भेषभूषा, प्रथाजनित तथा परम्परागत अभ्यास नयाँ पिँढीका सन्तानमा हस्तान्तरण हुने हुँदा उहाँहरूले पनि यस विषयमा ध्यान दिन आवश्यक छ।"

**रक्तदान जीवनदान जीवनदान महादान**

# महिला सहभागिता बढाउन कानून संशोधन गर्न सरकार तयार

**रासस**
**काठमाडौं, २४ साउन**

कानून, न्याय तथा संसदीय मामिलामन्त्री गोविन्दप्रसाद शर्मा कोइरालाले आगामी निर्वाचनमा महिलाको समानुपातिक सहभागिताका सम्बन्धमा विद्यमान कानूनी अवरोध भएमा आवश्यक संशोधन गरिने बताउनुभएको छ ।

प्रतिनिधिसभाको आजको बैठकमा आगामी प्रदेशसभा र सङ्घीय संसद्को निर्वाचनमा महिलाको समानुपातिक सहभागिता गराउने विषयमा प्रस्तुत जरुरी सार्वजनिक महत्वको प्रस्तावमाथिको छलफलमाथि जवाफ दिँदै मन्त्री शर्माले नेपालको इतिहासमा क्रमिकरूपमा महिला सहभागिताको सुनिश्चितता हुँदै आएको र आगामी दिनमा व्यवहारिकरूपमा पनि बढ्दै जाने बताउनुभयो । मन्त्री कोइरालाले नीति, कानून, व्यवहार, अभ्यास र दृष्टिकोणमा कुनै अवरोध भएमा त्यसलाई हटाउनुपर्ने र अभियानात्मक तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिँदै अवरोधका स्थिति र संरचनात्मक पक्षको विस्तृत अध्ययन गरी संविधानबमोजिम कानूनी संशोधन गराउन सरकार तयार रहेको प्रतिबद्धता व्यक्त गर्नुभयो ।

**लागु औषध रहित परिवार: स्वस्थ जीवनको आधार**

◆टोलाउने, लठ्ठ परिरहने, एकान्तमा बस्न रुचाउने,
◆काममा जान मन नगर्ने, दुब्लाउँदै जाने, सरसफाईमा ध्यान नदिने,
◆अनावश्यक खर्च गर्ने लगायत लागुऔषध दुर्व्यसनीको लक्षणहरु हुन सक्छन् ।

*जस्ता लक्षण देखिएमा समयमै नजिकको परामर्श केन्द्र वा चिकित्सकसँग सम्पर्क गरौ ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# महागठबन्धनको नकारात्मक असर

चुनाव अघि जस्तोसुकै गठबन्धन गरेपनि बीचबीचमा कसरी तोडिन्छ भारतको विहार र महाराष्ठ राज्यले देखाएको छ । चुनाव अघि लालु यादवको दल राष्ट्रिय जनता दल (आर जेडी)विरुद्ध महागठबन्धन गरेका भारतीय जनता पार्टी विजेपी नितिश कुमारको जनता दल युनाइटेड लगायतका दलहरू निर्वाचनमा बहुमत पनि पाएका थिए।कसैका बिरुद्ध गरिने गठबन्धन टिकाउ हुँदैन भन्ने नितिश कुमाले देखाएका छन । जनता दल (युनाइटेड)का नेता नितिश कुमारले भारतीय जनता पार्टीसँगको सत्ता साझेदारी त्यागेर मुख्यमन्त्रीबाट राजीनामा दिएसँगै सात दलको समर्थनमा बिहारमा अर्को सरकार बनाउने दाबी पेस गरेका छन् ।

भारतीय जनता पार्टीको नेतृत्वको गठबन्धन अब धेरै टिक्दैन भन्ने नितिशले बुझेका छन । उनले नयाँ समिकरण बनाएर मुख्यमन्त्रीबाट राजिनामासंगै सरकार बनाउने दाबी पेश गरेका छन । चुनाव अघिको गठबन्धन लामो समय जान नसकेको महाराष्टले पनि देखाएको हो । आफूलाई समर्थन प्राप्त सात दलको महागठबन्धनमा स्वतन्त्रसहित एकसय ६४ जना विधायक रहेका जानकारी दिँदै उनले राज्यपालसमक्ष मुख्यमन्त्रीको दाबी प्रस्तुत गरेका छन । उनका साथ आरजेडीका नेता तेजश्वी यादव पनि छन । जनता दल युनाइटेड र आर जेडीको साझेदारीले दुईसय ४३ सदस्यीय विधान सभामा बहुमत पुगेको छ भने गठबन्धनलाई जितन माझीको एचएएमजस्ता साना दलले पनि समर्थन गरेका छन् ।

बिहार राज्य विधानसभामा भारतीय जनता पार्टीका ७७ जना विधायक छन् । नेता नितिश कुमारले जनता दल युनाइटेडका नेता तथा विधायकहरूसँगको बैठकपछि भारतीय जनता पार्टीसँगको साझेदारी अन्त्य गरेका थिए । त्यसपछि उनले मुख्यमन्त्रीबाट राजीनामा दिएर राज्यपाल फागु चौहानसँग भेटका निम्ति समय मागेका थिए । पूर्वमुख्यमन्त्री राबडी देवीको निवासमा आरजेडी नेतृत्वको विपक्षी गठबन्धनको बैठक भएको थियो । बैठकले तेजश्वी यादवलाई बिहारमा सरकार गठनबारे उपयुक्त निर्णय गर्न अख्तियारी दिएको थियो ।

राजनीतिमा सधैं स्थायी शत्रु र मित्र हुँदैन । विहारको राजनीतिले देखाएको छाहिन्दुवादी विजेपीसँग धर्म निरपेक्षका दलहरूको मिलन अप्राकृतिक हो । पहिलाका गठबन्धनमा रहेका दलबीच फेरि मिलन भएको छ । नेपालका राजनीतिक दलहरूले पनि चुनाव अघि महागठबन्धन बनाएर कसैलाई बाहिर राख्न खोज्दा सरकार बनाउँदा वा त्यसपछि भत्किएका उदाहरण नेपालमा छन । धेरै उत्ताउलो हुँदा पछि छचल्किन सक्छ भन्ने ख्याल पुऱ्याउनुपर्छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : झमेला बढ्ने | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : मन चञ्चल | कुम्भ | : मानसिक तनाब |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# सगरमाथा आरोहण गरेका चिनियाँ नागरिकलाई सम्मान

**रासस**
**काठमाडौं, २४ साउन**

नेपाल-चीनबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ६७औँ वर्षगाँठ मनाउने क्रममा नेपाली राजदूतावास, बेइजिङले आइतबार दूतावास परिसरमा एक कार्यक्रमको आयोजना गरी सगरमाथा आरोहण गरेका चिनियाँ नागरिकहरूलाई सम्मान गरेको छ ।

आर्थिक कूटनीतिसम्बन्धी कार्यक्रमअन्तर्गत नेपालको पर्वतारोहण प्रवर्द्धनसम्बन्धी 'माउन्टेनियरिङ एन्ड ट्रेकिङ इन नेपाल' विषयक कार्यक्रममा चीनका लागि नेपाली राजदूत विष्णुपुकार श्रेष्ठले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो । उहाँले नेपाल र चीनबीच रहिआएको सौहार्द्रपूर्ण द्विपक्षीय सम्बन्धका बारेमा चर्चा गर्दै दुई मुलुक बीचको उच्चस्तरीय भ्रमणहरू तथा जनस्तरमा हुने आदानप्रदानले द्विपक्षीय सम्बन्ध थप प्रगाढ हुने बताउनुभएको दूतावासले जनाएको छ ।

कार्यक्रमको प्रमुख उद्देश्य नेपालका तर्फबाट सगरमाथा आरोहण गरेका चिनियाँ नागरिकहरूलाई सम्मान गर्ने तथा नेपालमा रहेको पर्वतारोहण र ट्रेकिङ पर्यटनको प्रचुर सम्भाव्यताका बारेमा प्रवर्द्धन गर्नुरहेको थियो । उहाँले पर्यटकका लागि नेपालमा प्रचुर मात्रामा प्राकृतिक एवम् सांस्कृतिक विविधता रहेको उल्लेख गर्दै सगरमाथासहित आठ हजार मिटरभन्दा बढी उचाइ भएका आठ हिमालचुलीहरू, बुद्धको जन्मस्थल लुम्बिनी तथा नेपालमा रहेका विश्व सम्पदा सूचीकृत पर्यटकीयस्थलका बारेमा जानकारी गराउनुभएको भयो । उहाँले सहभागीलाई नेपाल भ्रमण गर्न र नेपालमा रहेका पर्यटकीय गन्तव्यको प्रचारप्रसारका लागि आह्वान गर्नुभयो । कार्यक्रममा उपस्थित नेपालका तर्फबाट सगरमाथा आरोहण गरेका ३१ चिनियाँ नागरिकलाई राजदूत श्रेष्ठले खादा लगाई सम्मानपत्र वितरण गर्नुभएको थियो । कार्यक्रममा आरोहीका तर्फबाट तीन जनाले आरोहणका क्रममा लिइएका तस्वीर एवम् भिडियोसहित सगरमाथा आरोहणबारे आफ्नो अनुभव समेटी प्रस्तुतिकरण गर्नुभएको थियो ।

कार्यक्रममा पर्वतीय पर्यटन क्षेत्रमा कार्यरत बेइजिङस्थित चाइना एड्भेन्चर एसोसिएशनका अध्यक्ष हान बो र इन्टरनेसनल माउन्टेन टुरिज्म एलाइन्सका बेइजिङस्थित सम्पर्क कार्यालयका प्रतिनिधि सु सिमिङले कार्यक्रममा मन्तव्य राख्नुभएको थियो । त्यसैगरी नेपाल माउन्टेनियरिङ एसोसिएशनका अध्यक्ष निमानुरु शेर्पा र नेपाल एसोसिएशन अफ टुर एन्ड ट्राभल एजेन्ट्सका अध्यक्ष रमेश थापाले भर्चुअल माध्यमबाट प्रस्तुतिकरण गरी नेपालको पर्वतारोहण तथा ट्रेकिङको विशेषता एवं आकर्षणका बारेमा प्रकाश पार्नुभएको दूतावासद्वारा आज जारी विज्ञप्तिमा उल्लेख छ ।

त्यसैगरी सगरमाथाको चार पटक आरोहण गर्नुभएका चिनियाँ नागरिक सिया बोयुले सगरमाथा आरोहणको आफ्नो अनुभव समेटेको मर्मस्पर्शी भिडियो देखाउँदै चिनियाँ नागरिकलाई सगरमाथाको आरोहण गर्न उत्साहित बनाउनुभएको थियो । सिया बोयु कृत्रिम खुट्टाले सगरमाथाको आरोहण गर्ने पहिलो चिनियाँ नागरिक हुनुहुन्छ । उहाँले सगरमाथा आरोहणका क्रममै आफ्नो खुट्टा गुमाउनुभएको थियो ।

सगरमाथा आरोहणलाई समेटेर क्याप्टेन माउन्ट एभरेष्ट चलचित्र निर्माण गर्नुभएका सगरमाथा आरोही वाङ पिङ तथा अर्का आरोही लुओ बिआओले सगरमाथा आरोहणका बारेमा आफ्ना अनुभव समेटी प्रस्तुति गर्नुभएको थियो । कार्यक्रममा नेपालको पर्यटकीयस्थल एवम् चिनियाँ सगरमाथा आरोहीहरूको तस्वीर प्रदर्शन गरिनाका साथै नेपालको पर्यटनसम्बन्धी भिडियोसमेत देखाइएको थियो ।

प्रदेश सरकार
पर्यटन, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
**उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**घरेलु तथा साना उद्योग कार्यालय, कास्की**
गण्डकी प्रदेश, पोखरा

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०७९/०४/२३

यस कार्यालयबाट मिति २०७४/०२/१६ मा कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. १६ मा संचालन गर्ने गरि पोखरा १६ कास्की निवासी गौरव बस्नेतको नाउँमा दर्ता भएको प्रा.फ.र.नं. १२६५४/०७३/०७४ को हाम्रो इन्जिनियरिङ्ग कन्सल्टेन्सीका प्रोपाइटर गौरव बस्नेतले मिति २०७९/०४/२३ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं फर्मको कुनै पनि प्रकारको आर्थिक बक्यौदा लगायत कुनै पनि प्रकारका सामाजिक दायित्वहरु बाँकी रहेको भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**घरेलु तथा साना उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**

# शक्ति पुरस्कार साहित्यकार विकल्पलाई

**पोखरापत्र संवाददाता**
**बागलुङ, २४ साउन**

रणस्मृति पुरस्कार संस्था बागलुङले विसं २०७८ को 'शक्ति पुरस्कार' पर्वतका साहित्यकार इन्द्रकुमार 'विकल्प'लाई प्रदान गर्ने भएको छ । सोमबार बसेको पुरस्कार छनोट समितिको बैठकले सो निर्णय गरेको संस्थाका अध्यक्ष काजी रोशनले जानकारी दिनुभयो ।

आठ हजार राशिसहितको उक्त पुरस्कार आउँदो भदौ ३ गते कृष्णाष्टमीका दिन आयोजना हुने समारोहमा समर्पण गरिने सो संस्थाले जनाएको छ । नेपाली भाषा, साहित्यको उन्नयनमा पुऱ्याएको योगदानबापत साहित्यकार विकल्पलाई पुरस्कृत गर्न लागिएको हो । पर्वत साहित्य सङ्गमका संस्थापक अध्यक्ष विकल्पका कविता सङ्ग्रह 'सम्झनाका डोबहरू', मुक्तक सङ्ग्रह 'भुल्काहरू', लघुकथा सङ्ग्रह 'सर्वदलीय घर'लगायत करिब एक दर्जन कृति प्रकाशित छन् । उहाँले साहित्यिक पत्रिका 'कालीको सुसेली'को सम्पादन पनि गर्दै आउनुभएको छ ।

यसअघि सो पुरस्कारबाट पोखराका साहित्यकार तीर्थ श्रेष्ठ, तनहुँका अनिल श्रेष्ठ, भैरहवाका बालकृष्ण भट्टराई र स्याङ्जाका विश्वप्रेम अधिकारी पुरस्कृत भइसक्नुभएको छ ।

विसं २०५० मा स्थानीय समाजसेवी शक्तिबहादुर खड्काले बुबा रणबहादुरको स्मृतिमा उक्त पुरस्कार संस्था स्थापना गर्नुभएको थियो । संस्थाले विसं २०७४ देखि साहित्यतर्फ पुरस्कार दिन थालेको हो ।

# कारागारमा क्षमताभन्दा दोब्बर बन्दी

**पोखरापत्र संवाददाता**
**बागलुङ, २४ साउन**

बागलुङ जिल्ला कारागारमा क्षमता दोब्बर बढी केदी बन्दी बस्न बाध्य छन् । कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी हुँदा तिनलाई बस्ने ठाउँको अभाव भएको हो । पुरुषतर्फ ५० र महिलातर्फ २० क्षमता गरी ७० जनाको क्षमता रहेको कारागारमा १७६ कैदीबन्दी बस्न बाध्य छन् ।

हाल पुरुषतर्फ एक सय ६६ र महिलातर्फ १० गरी १७६ कैदीबन्दी रहेकामा एकजना ६४ वर्ष उमेर माथिका छन् । महिला कैदी बन्दीसँग हाल तीन नाबालकसमेत कारागारमा छन् । उक्त कारागारमा हाल ८१ कैदी र ९५थुनुवा रहेका छन् । कैदीतर्फ ७७ पुरुष र तीन महिला छन् भने थुनुवातर्फ ८७ पुरुष र सात महिला छन् । कारागारमा ठाउँको अभाव हुँदा महिलाभन्दा पुरुष कैदी बन्दीलाई समस्या भएको हो । पुरुष कैदी तथा थुनुवालाई जाडो र गर्मी सबैखाले मौसममा बस्न र सुत्नका लागि समस्या पर्ने गरेको छ ।

कारागारमा ठाउँको अभाव हुँदा क्षमताभन्दा दोब्बर बढी कैदी बन्दी बस्नुपर्ने बाध्यता रहेको छ । ठाउँ अभाव हुँदा कैदीलाई कोचाकोच गरेर सुत्न, बस्न र हिँडडुलमा समस्या भएको छ भने शौचालय जान पनि पालो लगाउनुपर्ने बाध्यता रहेको कारागारका प्रमुख डिलबहादुर केसीले जानकारी दिनुभयो । "कैदी बन्दी क्षमताभन्दा दोब्बर बढी छन्, ठाउँ सानो छ, पुरुष कैदी बन्दीलाई सुत्न, शौचालय जान पनि निकै अप्ठारो भएको छ" कारागार प्रमुख केसीले भन्नुभयो "महिला कैदी बन्दीलाई अहिले समस्या छैन, २० जनाको क्षमतामा १० जना मात्रै छन तर पुरुष कैदीबन्दीलाई निकै समस्या छ ।"

हाल कारागारमा सबैभन्दा धेरै करणी, कर्तव्य ज्यान, मानव बेचबिखन, हातहतियार खरखजना, ठगी र वैदेशिक रोजगारी कसूरका कैदी तथा बन्दी रहेका छन् ।

# मनपरेको हाकिम नआए फिर्ता ?

**रासस**
**बागलुङ, २४ साउन**

आफू अनुकूल कर्मचारी नपाएको भन्दै स्थानीय तहले मन्त्रालयले पठाएका कर्मचारीलाई फिर्ता पठाउने प्रवृत्ति बढेर गएको छ । साउन महिनामा मात्रै साविकको धौलागिरिका दुई स्थानीय तहले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले खटाएका प्रशासकीय अधिकृतलाई फिर्ता पठाएका छन् ।

बागलुङको निसीखोला गाउँपालिकाले मन्त्रालयले प्रमुख प्रशासकीय अधिकृतका रूपमा पठाएका कर्मचारी फिर्ता पठाएको छ । मन्त्रालयले खटाएका कर्मचारीलाई फिर्ता पठाएर गाउँपालिकाले प्रशासन शाखा प्रमुखलाई निमित्तको जिम्मेवारी दिएको छ । गाउँपालिका अध्यक्ष सूर्यबहादुर घर्तीले मन्त्रालयको स्थानीय तह कर्मचारी प्रशासन शाखाले प्रमुख प्रशासकीय अधिकृतका रूपमा गाउँपालिकामा पठाएका ध्रुव रिजाललाई काम गर्न दिनुभएन । निवर्तमान प्रमुख प्रशासकीय अधिकृत ईश्वरलाल शाक्य सरुवा भएपछि खाली भएको ठाउँमा आएका रिजाललाई काम गर्न नदिई प्रशासन शाखा प्रमुख दिलीपकुमार चन्दलाई अध्यक्ष घर्तीले निमित्त बनाउनुभएको हो । मन्त्रालयको मिति २०७९/०४/०५ गतेको पत्र लिएर प्रशासकीय अधिकृतका रूपमा काम गर्न आउनुभएका रिजाललाई अध्यक्ष घर्तीले हाजिर गर्न नदिनुभएको हो । "मन्त्रालयले पठाएको ठाउँमा काम गर्न आएँ, दुई दिनसम्म कार्यालयमा पनि गएँ तर हाजिर गर्न पनि दिइएन, काम गर्न पनि दिइएन", रिजालले भन्नुभयो, "पालिकामा नराख्ने भए फिर्ता गरेको पत्र दिनुस् भनेर पनि भनेँ तर त्यो पनि दिइएको छैन ।" रिजालले हाजिर गराई पाउँ भनी साउन १६ गते गाउँपालिका उपाध्यक्ष प्रेम घर्तीलाई निवेदन दिनुभएको थियो । त्यो निवेदन १९ गते दर्ता भएको छ । रिजालले भन्नुभयो, "आजसम्म पनि त्यसको जवाफ पाउन सकेको छैन, यसले गर्दा समस्या भएको छ ।" पालिकामा रहेका स्वार्थ समूहका कारण अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई फिर्ता गरी प्रशासन शाखा प्रमुखलाई निमित्त दिएको हुनसक्ने निसीखोलाका एमाले नेता भूमिराज घर्तीले बताउनुभयो । गाउँपालिका अध्यक्ष घर्तीले भने समन्वय नै नगरी मन्त्रालयले आफूखुसी पठाएका कर्मचारीलाई काम गराउन नसकिने बताउनुभयो । गाउँपालिका अध्यक्षलाई सम्मान गर्नेखालको प्रमुख प्रशासकीयले मात्रै जनताका काम गर्न सक्ने घर्तीको प्रतिक्रिया छ । यसअघि बागलुङकै काठेखोला गाउँपालिकाबाट सरुवा भई म्याग्दीको मङ्गला गाउँपालिका पुग्नुभएका चूर्णबहादुर कार्कीलाई आफू अनुकूल काम नगर्ने भन्दै गाउँपालिका अध्यक्षले फिर्ता पठाउनुभएको थियो । कार्की अहिले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा हाजिर हुनुभएको छ । कर्मचारी फिर्ताको विषयलाई लिएर सर्वसाधारण र कर्मचारी वृत्तमा समेत असन्तुष्टि देखिन थालेका छन् । "स्थानीय सरकार सञ्चालन, २०७४ र निर्वाचन आयोगमा कुनै पनि पालिकामा निर्वाचित भएको खण्डमा मलाई मन लागेको हाकिम ल्याउन पाउने छ, भन्ने कानून बनाउने भए जाति होला नभए यो हदसम्म गलत गर्न हिम्मत कुन मतदाताले जनप्रतिनिधिलाई अधिकार दिएका छन ?", निजामति कर्मचारीको आधिकारिक ट्रेड युनियन बागलुङका अध्यक्ष तेजप्रसाद न्यूरेले सामाजिक सञ्जालमा लेख्नुभएको छ, "जानकारी पाउन पाए कर्मचारी ढुक्कसँग बस्ने थिए, नभए खटाउने एउटा पठाउने एउटा अनि चुनाव जितेर सबै संसार जितेझैँ ठान्नु ठीक हो ? नारायणहिटीबाट राजा बहिर्गमन भएको छ, अनि पाँच वर्षपछि घरमै !"

# एक हजारभन्दा बढी सङ्क्रमित थपिए

**रासस**
**काठमाडौं, २४ साउन**

कोरोना भाइरसको सङ्क्रमण मंगलबार एक हजारभन्दा बढीमा देखिएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको नियमित बुलेटिनमा छ हजार तीनसय परीक्षणमध्ये एक हजार ९० मा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको हो ।

सक्रिय सङ्क्रमितको सङ्ख्या पाँच हजार आठ सय छ पुगेको छ । यस्तै आज कोरोना भाइरसबाट स्वास्थ्य लाभ लिई चार सय ३८ घर फर्किएका छन् । यस्तै आज कोरोना भाइरसको सङ्क्रमणबाट दुई जनाको निधन भएको छ । अहिलेसम्म ११ हजार नौ सय ७४ को सङ्क्रमणबाट निधन भएको छ । पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला काठमाडौँ र ललितपुर तथा दुई सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला मोरङ रहेको छ । सङ्क्रमित शून्य भएका जिल्ला मुस्ताङ, कालीकोट र हुम्ला रहेका छन् । यस्तै होम आइसोलेसनमा पाँच हजार पाँच सय ९३, संस्थागत आइसोलेसनमा दुई सय १३, सघन उपचार कक्ष (आइसियु)मा ६१ जना र भेन्टिलेटरमा सात जनाको उपचार भइरहेको छ । विगत २४ घण्टामा एक लाख ७१ हजार आठ सय ३७ ले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन् ।

# आरोप प्रत्यारोपको राजनीतिबाट नेपाल कहिले मुक्त हुने ?



शिव प्रसाद गौतम

नेपालमा राजनीतिक दलहरु बीच आरोप र प्रत्यारोपको बाढी नै चलिरहेको छ । राजनीति भनेको के हो भन्ने नबुझेको व्यक्तिहरु पनि राजनीति गरिरहेका छन् । देशको शान्ति सुव्यवस्था, नागरिकको सुख समृद्धि गर्ने अधिकार सरकारको धर्म हो । प्रजाको शान्ति सुरक्षा कायम गर्ने, मौलिक अधिकारको रक्षा गर्ने राज्यको शासन व्यवस्थाको प्रणाली निर्धारण गर्ने, राष्ट्रिय र अन्तर्राष्ट्रिय नीतिको सन्तुलन गर्ने र यस्तै अन्य कार्यहरू गर्ने नीति, राज्यको शासन प्रशासन व्यवस्था सम्बन्धी नीति, राज्य सञ्चालन प्रणाली राजनीति हो । राज्य र प्रशासनसँग सम्बन्धित सामाजिक शास्त्र राजनीति शास्त्र हो । राजनीतिका सम्पूर्ण मर्महरूलाई जान्ने, राजनीति शास्त्रका ज्ञाता, राजनीति बुझेका, कुटनीति जानेका व्यक्तिहरु राजनीतिज्ञ हुन् । हामी कहाँ राजनीति नबुझेका व्यक्तिहरुले पनि औपचारिक रूपले नै राजनीतिक रूप दिने काम अन्य घटना वा व्यवहारलाई राजनीतिक रङमा मुछ्ने काम गरेर राजनीतिकरण गरिन्छ । शैक्षिक र व्यवहारिक ज्ञान नभएका व्यक्तिहरुले राजनीति गरिरहेका छन् । घरमा, भट्टीमा, चौतारीमा धार्मिक सङ्घ संस्था भजन किर्तनमा जुवा खालमा फुटपाथमा गास, बास, कपास, शिक्षा, स्वास्थ्य, प्रशासन सबै क्षेत्रमा राजनीति घुसेको छ राजनीतिक संस्थामा त राजनीति हुने नै भयो ।

राजनीति एउटा देशको शासन चलाउने पद्धति हो । यस विषयमा चर्चा परिचर्चा हुनु राम्रो हो । गर्नु पनि पर्छ । असल कामलाई प्रोत्साहन र खराब कामलाई दुरुत्साहन गर्नै पर्छ । तर हामी कहाँ यस्तो राजनीति छैन । कसैलाई कुनै खराब काम गरेबापत लगाइएको दोष, वात वा फेरब, अभियोग, कसैलाई खराब काम गरेकोमा बात वा दोष लगाउने क्रिया वा व्यवहार आरोप हो । असल काम गरे पनि खराब काम गरे पनि पहिचान नगरी आरोप लगाउने परिपाटी नेपालको राजनीतिमा छ । खराब काम गर्नेलाई दण्ड सजाय हैन संरक्षण गर्ने नेपालका नेता प्रशासकको चरित्र छ । भ्रष्टाचारीलाई संरक्षण गर्ने र सदाचारीलाई दुःख दिने राजनीतिक चरित्र छ । चिया, रक्सी र धूम्रपानको सुर्कीमा अनावश्यक विना प्रमाणको आधारमा आरोप लगाउने व्यक्तिहरु समाजमा प्रशस्त छन् । आफ्नो मानो खाएर अर्काको कुरा काट्नु आफ्नो आङ कन्याएर आफैलाई छारो उडाउनु हो । कसैले लगाएको आरोपको बदलामा आफूले आरोप लगाउने काम, जवाफी आरोप प्रत्यारोप हो । हरेक विषयमा आरोप र प्रत्यारोप लगाउने चलन छ । सबैमा भन्दा बढी आरोप प्रत्यारोप राजनीति विषयमा हुन्छ र यसमा राजनीतिज्ञ र यिनका कार्यकर्ता नै बढी आलोचित हुन्छन् । कुरा बुझ्नु अर्नु छैन, फलानो राजनीतिक दल यस्तो त्यो दलको नेता उस्तो भनेर नकारात्मक कुरा गर्ने काम नेताले भन्दा उनीहरुका कार्य कर्ताले गरेको पाइन्छ । भाग खानेलाई थाहा छैन, पूरा खानेलाई हतपतको राजनीति गर्छन् । निर्वाचन आयोगले दिएको जानकारीमा १२० राजनीतिक दल निर्वाचन आयोगमा दर्ता भएका छन् भनिएको छ । यति सानो देशमा यति धेरै दल दर्ता हुन राम्रो सङ्केत होइन । कतिपय व्यक्ति राजनीतिक दल दर्ता गर्न पाएकोमा मख्ख हुन्छन् । जनताको जानकारीमा त ती पार्टी आउँछन् जसले देश र जनताको हितमा काम गर्छन र जनविश्वास लिन्छन् । ती पार्टीहरू नै सच्चा राजनीतिक पार्टी हुन् । अहिले नेपालमा यस्तो जनविश्वास प्राप्त गरेका दलहरु छैनन् । त्यसैले देशमा नाना प्रकारका संकट आइ लागेका छन् । एउटा दलले सरकारमा गएर राम्रो काम गर्न लाग्यो भने अर्को प्रतिपक्षी दलले खुट्टा तान्ने प्रवृत्ति छ । यसले राम्रो काम गऱ्यो भने हामी पछि पर्छौ भनेर विरोध गर्ने नकारात्मक प्रवृत्ति सबै राजनीतिक दलका नेता र कार्यकर्तामा छ । सकारात्मक सोच राखेर सकारात्मक काम गर्ने र गर्न दिने चरित्र नेपालका राजनीतिक दलहरुमा छैन । नेपालका राजनीतिक दलका नेता र कार्यकर्ताले आरोप र प्रत्यारोपको राजनीति चरित्र त्यागेर सकारात्मक सोच राखेर देश विकास गर्नु पर्छ हैन भने जनता आत्तिएका छन् । बहुदलीय व्यवस्थालाई घोक्रेठ्याक लगाएर राजतन्त्र नआउलान् भन्न सकिन्न होसियार नेता कार्यकर्ता ।

# गलेश्वरको भेटी पूर्वाधार निर्माणमा

**पोखरापत्र संवाददाता**
म्याग्दी, २४ साउन

म्याग्दीको बेनी नगरपालिका–९ स्थित गलेश्वर मन्दिरमा भक्तजनले चढाएको भेटी पूर्वाधार निर्माणमा परिचालन भएको छ ।

भेटी, महायज्ञबाट सङ्कलन तथा तीर्थयात्रीले दिएको दानबाट पछिल्लो १२ वर्षको अवधिमा करिब रु १० करोडको लागतमा विभिन्न भौतिक पूर्वाधार निर्माण भएको गलेश्वर शिवालय क्षेत्र विकास कोषले जनाएको छ । धर्मशाला, सभाहल, वाटिका, यज्ञशाला, पाठशाला, पुजारी निवास, भोजनालय, कालीगण्डकीसम्म पुग्ने मार्ग, एक सय आठ शिवलिङ्ग, जडभरत, नटराज र लक्ष्मीनारायणको मूर्ति स्थापनालगायत भौतिक संरचना निर्माण भएका कोषका अध्यक्ष माधवप्रसाद रेग्मीले जानकारी दिनुभयो । "गलेश्वरमा भक्तजनले चढाउने भेटी मेलाको भोलिपल्टै र अन्य समयमा मासिकरूपमा गनेर सार्वजनिक गर्ने गरिएको छ", उहाँले भन्नुभयो "भेटी व्यवस्थित गर्न थालेपछि दानवीरले खुलेर सहयोग गर्न थालेका छन् ।"


कोषले गत वर्ष गलेश्वर मन्दिरमा पित्तलको छाना छाउन रु ३१ लाख ७५ हजार, सामुदायिक भवन बनाउन रु २१ लाख ९९ हजार, कालीगण्डकीबाट पानी ल्याएर ११ धारा बनाउन रु चार लाख खर्च गरेको छ । जडभरत संस्कृत माविका तीन शिक्षकको तलबका लागि मासिक रु ७२ हजार, आश्रमका ज्येष्ठ नागरिक र तीर्थयात्रीलाई भोजन गराउँदै आएको अन्नक्षेत्रका भान्छेलाई मासिक रु १७ हजार तलब मन्दिरको आम्दानीबाट दिने गरिएको कोषका उपाध्यक्ष बमबहादुर पुनले बताउनुभयो ।

विसं २०६७ सम्म भक्तजनले मूल मन्दिर, आसपासका क्षेत्रमा रहेका शालिग्राम, कुण्डलगायत क्षेत्रमा चढाएको सुनचाँदी, तामा, नगदसहित जिन्सी सामग्रीको कुनै लेखाजोखा हुने गरेको थिएन । बाह्र वर्षअघिसम्म रु ३१ लाख रहेको मन्दिर व्यवस्थापन समितिसँग हाल रु तीन करोडको हाराहारीमा बचत छ ।

आर्थिक वर्ष २०७८/७९ मा रु ४० लाख ८५ हजार पाँच सय २२ भेटीसहित रु ९१ लाख ८२ हजार पाँच सय ६९ आम्दानी भएको कोषका सदस्यसचिव बलबहादुर खत्रीले बताउनुभयो ।

कालीगण्डकी नदी किनारको नौ रोपनी क्षेत्रफलमा फैलिएको चट्टानमाथि अवस्थित गलेश्वर शिवालय क्षेत्र हिन्दू तथा बौद्ध धर्मावलम्बीको साझा तीर्थस्थल मुक्तिनाथको प्रवेशद्वार मानिन्छ । हिन्दूधर्म ग्रन्थमा सतिदेवीको गला पतन भएर गलेश्वर नाम रहन गएको उल्लेख गरिएको यस मन्दिरमा साउन महिनाको सोमबार, बालाचर्तुदशी र शिवरात्रि पर्वमा विशेष मेला लाग्ने छ । अन्य समय दैनिक पूजाआजा हुने गलेश्वर मन्दिरमा भक्तजनको चाप पनि बढ्दै गएको छ ।

कोषका कोषाध्यक्ष कुमारी रोकाले साउनको तेस्रो हप्तासम्मको सोमबारको मेलामा रु नौ लाख ५८ हजार नौ सय ९८ भेटी सङ्कलन भएको बताउनुभयो । पहिलो सोमबार रु तीन लाख ३३ हजार छ सय ६६, दोस्रो सोमबार रु तीन लाख १८ हजार तीन सय ३२ र तेस्रो सोमबार रु तीन लाख ३३ हजार छ सय ६६ भेटी सङ्कलन भएको थियो । यसैगरी गलेश्वरमा भक्तजनले भेटी र दान कोषको खातामा जम्मा गर्ने व्यवस्था मिलाउन माछापुच्छ्रे बैंकले जडान गरेको क्यूआरकोड सोमबार हस्तान्तरण गरेको छ । पोखराकी जरिना क्षेत्रीले रु एक लाख पाँच हजार कोषको खातामा पठाएर क्यूआर कोड सेवाको सुरुआत गर्नुभएको थियो ।






२८ औँ विश्व आदिवासी दिवसका अवसरमा नेपाल आदिवासी जनजाति महासंघ तनहुँले मंगलबार दमौलीमा निकालेको र्‍याली । आदिवासी दिवस जिल्लाका दशवटै पालिकामा विविध कार्यक्रम गरी मनाइँदैछ । तस्वीर : कृष्ण न्यौपाने/ रासस

# डेरा पाउन मुस्किल

**– लक्ष्मीप्रसाद सापकोटा**
पर्वत, २४ साउन (रासस)

नेपालको संविधान २०७२ मा जातीय भेदभाव तथा छुवाछुत अन्त्यको घोषणा गरिएको छ । कानुनमा सबै भेद्भाव अन्त्य भएपनि व्यवहारमा भने अझै ज्यूँका त्यूँ रहेको पाइएको छ । पर्वत सदरमुकाम कुश्मामा दलित समुदायका नागरिकलाई डेरा पाउन मुस्किल भएका उदाहरण धेरै छन् ।

आइतबार सशस्त्र प्रहरी बल २५ नम्बर बाहिनीका एक जवान कोठा खोज्नको लागि दिनभरि बजारमा भौतारिरहनुभयो । बडागाउँदेखि जिरो हुँदै खरियासम्म पुग्दा कोठा नपाएपछि उहाँ निराश हुँदै फर्किनुभयो । श्रीमती र दुई छोराछोरीसँगै बस्दै आउनुभएका जवान आफू दलित भएकै कारण कोठा नपाएको गुनासो गर्नुहुन्छ । "कोठा खोज्नको लागि दिनभरि बजारमा भौतिरिरहें, राम्रो पैसा तिर्छु भन्दा पनि विभिन्न बहाना बनाएर कोठाभाडामा दिँदैनन्", उहाँले भन्नुभयो । "अधिकांश ठाउँमा डेरा खोज्न जाँदा घरधनीले कोठा त छ, तर जात के होला ? भनेर सोध्छन् । यो प्रश्न सुन्ने वित्तिकै कताकता मनमा नमिठो लाग्छ", उहाँले भन्नुभयो ।

सशस्त्र प्रहरीका जवान मात्र होइन मोदी गाउँपालिका–५ बाजुङ घर भएकी इन्दिरा नेपालीले पनि यस्तै समस्या भोगेको बताउँनुहुन्छ । कोठा चाहिएर खोज्न जाँदाप्रत्येकजसो घरमा सुरुमै थर (जात) सोध्ने गरेको उहाँको गुनासो छ । "जहाँ कोठा खोज्न गए पनि सुरुमै घरबेटीले नानी कुन थरको हो, भनेर सोध्छन्, म सार्की हो भन्ने वित्तिकै कोठा त छैन नानी भन्छन्", उहाँले भन्नुभयो । अध्ययनका लागि कुश्मा आएका फलेवास नगरपालिकाका सुमित परियारले दुई हप्ताको खोजीमा बल्लतल्ल कोठा पाएको बताउँनुभयो । दलित भएकै कारण आफूले सहज रुपमा कोठा नपाएको उहाँको गुनासो छ । धेरै ठाउँमा कोठा खोज्न जाँदा विभिन्न बहाना बनाएर नदिने गरेको उहाँको भनाइ छ । "बजार भन्ने वित्तिकै शिक्षित र सचेत मानिसको बसोबास गर्ने ठाउँलाई बुझिन्छ । तर, यहाँका मानिसको व्यवहार फरक छ", उहाँले भन्नुभयो ।

हुन त दलित समुदायका लागि यो नौलो समस्या होइन । आर्थिक, सामाजिक र सांस्कृतिकरूपमा सदियौँदेखि पछाडि पारिएको उक्त समुदाय पहिलेदेखि नै जातीय भेदभाव तथा छुवाछूतको मारमा पर्दै आएको छ । दलित अधिकारकर्मी जीतबहादुर नेपालीले दलित समुदायले अझैपनि जातकै कारण कोठा नपाउनु लज्जाको कुरा भएको बताउनुभयो । उहाँले भन्नुभयो,"जातीय विभेद तथा छुवाछुतविरुद्ध सबैले आवाज उठाए मात्र यसको अन्त्य हुनेछ ।" जातीय भेदभाव गर्न हुँदैन भन्ने कुरा संविधानमानै उल्लेख गरिए पनि जातीय भेद्भाव तथा छुवाछूत सम्बन्धिका घटना उल्लेख्य मात्रामा सार्वजनिक हुनसकेका छैनन् ।

जिल्ला प्रहरी कार्यालय पर्वतका प्रहरी नायब उपरीक्षक शिवराज बुढाथोकीले जातीय विभेदका घटनासम्बन्धी एउटा पनि उजुरी नआएको बताउनुभयो । उहाँले भन्नुभयो,"मेरो कार्यकालमा एउटा पनि उजुरी आएको छैन, मोदी बाजुङबाट एउटा मौखिक उजुरी आएको थियो, हामीले दुवै पक्षलाई बोलाएर छलफल गराएपछि सहमति भएको थियो ।,"

बुढाथोकीले जातीय विभेद् र छुवाछुत सम्बन्धिका उजुरी आएमा राज्यले निर्माण गरेको ऐन कानुन अनुसार दायित्व पूरा गर्न प्रहरीले कुनै कञ्जुस्याइँ नगरेको बरु उजुरी नै नआउनु चुनौती रहेको बताउनुभयो । नेपालको संविधानको धार २४ मा छुवाछुत तथा भेद्भावविरुद्धको हकको उल्लेख गरिएको छ । जातीय भेद्भाव तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८ कार्यान्वयनमा रहेको छ ।

संविधान तथा कानुनबमोजिम भेद्भाव तथा छुवाछुतविरुद्धका अधिकार स्थापित गरिएका छन् । साथै भेद्भाव तथा छुवाछुत कार्यलाई कसूरको रूपमा परिभाषित गरी दण्डसजायको व्यवस्था समेत गरिएको छ । जातीय भेद्भाव तथा छुवाछुतको कसूर गर्नेलाई अपराधको प्रकृतिबमोजिम अधिकतम तीन महिनादेखि तीन वर्षसम्म कैद वा रु एक हजारदेखि २५ हजारसम्म जरिवाना वा दुवै सजाय हुनेछ । त्यस्तै सार्वजनिक पद धारण गरेको व्यक्तिले जातीय भेद्भाव तथा छुवाछुतको कसूर गरेमा निजलाई ५० प्रतिशत थप सजाय हुन्छ । जातीय भेद्भाव वा छुवाछुत गर्न मद्दत गर्ने, दुरुत्साहन गर्ने, उक्साउने वा उद्योग गर्ने व्यक्तिलाई कसूरदारलाई हुने सजायको आधा सजाय हुने व्यवस्था छ ।

# जोखिम लिएर विद्यालय जानुपर्ने बाध्यताको अन्त्य

**पोखरापत्र संवाददाता**
बागलुङ, २४ साउन

वर्षाको समय पानी परेर चिप्लो भएको भीरको बाटो । बुट्यान र लहरालाई समाउँदै भीर पहराको बाटो छिचोलेर विद्यालय आउजाउ गर्न बाध्य म्याग्दीको धवलागिरि गाउँपालिका–४, मुदीको खाम्लाका विद्यार्थी अब भने सजिलो बाटो हिँडेर विद्यालय जान र घर फर्किन पाउने भएका छन् ।

विद्यार्थी र बटुवाको यस्तो बाध्यतालाई मध्यनजर गरी खाम्लाका स्थानीय युवाले श्रमदान गरेर पैदलमार्ग निर्माण गरिदिएपछि विद्यार्थी र बटुवाले जोखिम मोलेर आउजाउ गर्नुपर्ने बाध्यता हटेको हो ।

बर्खाको समयमा विद्यार्थीले जोखिम मोलेर विद्यालय जानुपर्ने बाध्यता भएपछि स्थानीय खाम्ला युवा क्लबको पहलमा चार दिनसम्म श्रमदान गरेर पैदलमार्ग निर्माण तथा मर्मत गरिएको स्थानीय केशरी शर्माले जानकारी दिनुभयो । शर्माका अनुसार ज्यानकै बाजी राखेर विद्यार्थी दैनिक विद्यालयमा आवतजावत गर्नुपर्ने बाध्यता भएपछि सामूहिक श्रमदान गरी बिहीबार पैदलमार्ग निर्माण तथा मर्मत गरेपछि अहिले विद्यार्थी र बटुवा सजिलो बाटो सुरक्षित तरिकाले आउजाउ गर्न पाएका छन् ।

सम्बन्धित निकाय र स्थानीय जनप्रतिनिधिले पदमार्ग निर्माण तथा मर्मतमा चासो नदेखाएपछि युवा क्लबले आफैँले पदमार्ग निर्माण तथा मर्मत गरी सुरक्षित बनाएपछि बालबालिका र बटुवालाई सहज भएको छ । लगातार पानी पर्दा दैनिकजसो जोखिम मोलेर कलिला बालबालिका आवतजावत गर्नुपर्ने बाध्यता रहेको सो पदमार्ग निर्माण र मर्मतका लागि आगामी दिनमा वडा र अन्य निकायबाट नै पहल हुनुपर्ने स्थानीयवासीले माग गरेका छन् ।